# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, साउन ३२ गते २०४५ साल (अतिरिक्ताङ्क २६ (क)

## भाग ३

श्री ५ को सरकार

### श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ को दफा ३७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐन लागू भएका उद्योग प्रतिष्ठानहरूमा काम गर्ने कर्मचारीहरूको लागि २०४५ साल श्रावण १ गतेदेखि लागू हुने गरी देहायबमोजिमको न्यूनतम वेतन दर तोकेको छ ।

| मजदूरको वर्गीकरण | मासिक न्यूनतम वेतन |
|---|---|
| १. अदक्ष | रू. ५३२।– |
| २. अर्धदक्ष | रू. ५८२।– |
| ३. दक्ष | रू. ६६०।– |
| ४. उच्च दक्ष | रू. ८७३।– |

द्रष्टव्यः

१. प्रस्तुत न्यूनतम वेतनबाहेक महंगी भत्ता मासिक रू. ५०।– (पचास रूपैयाँ) दिनु पर्नेछ सो महंगी भत्तालाई थप वेतन मानिनेछैन ।

२. महिला र पुरूषले समान किसिमको काम गरेमा दुवैलाई समान किसिमको वेतन दिनुपर्छ ।

३६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको नयाँ उद्योग, प्रतिष्ठानको हकमा केही समयको निमित्त न्यूनतम वेतन लागू नहुने गरी छूट दिन सक्नेछ ।

४. दैनिक ज्यालामा काम गर्ने मजदूरहरूलाई दैनिक रू २२।– (बाईस रूपैयाँ) भन्दा कम ज्याला दिन पाइनेछैन ।

५. कुनै पनि मजदूर तथा कर्मचारीलाई तोकिएको न्यूनतम वेतनभन्दा कम वेतन दिन पाइनेछैन ।

६. प्रस्तुत न्यूनतम वेतन शुरू न्यूनतम तलब स्केल मानिनेछ ।

७. खण्ड ३६, मिति २०४३।६।१ अतिरिक्ताङ्क ३९ (क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित न्यूनतम वेतनभन्दा कुनै मजदूर तथा कर्मचारीले बढी वेतन पाइराखेको भए, त्यस्ता मजदूर तथा कर्मचारीहरूको वेतनमा पनि अदक्ष भए रू. १०७।– अर्धदक्ष भए रू. ११७।– दक्ष भए रू. १३८।– र उच्च दक्ष भए रू. १७५।– थप गरी दिनु पर्नेछ ।

८. खण्ड ३६, मिति २०४३।६।१ अतिरिक्ताङ्क ३९ (क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको न्यूनतम वेतनसम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको सचिव

३६६



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।